# दैनिक विपद् बुलेटिन

२३ असार बिहान १०:०० बजेदेखि २४ असार बिहान १०:०० बजे सम्म

नेपालमा आज पहिरो, बाढी र डुबानका घटना बढी घटेका छन् । देशका विभिन्न ६ स्थानमा पहिरो गएका छन् । पहिरोमा परेर संखुवासभामा एक जना घाइते भएको छ । महोत्तरीमा सर्पले डस्दा एक जनाको मृत्यु भएको छ । प्युठान र चितवनमा खोला तर्ने क्रममा २ जनालाई बाढीले बगाएर बेपत्ता बनाएको छ । काठमाडौं, मोरङ र रौतहटमा आगलागी भएका छन् । बर्दियाको राजापुरमा १३ वटा घर डुबानमा परेको छ । अविरल वर्षाका कारण प्युठान, पाल्पा र मुस्ताङमा **बाटो अवरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | २ | १७ | १ | ९६१५०० | ३ | १० |

## घट्ना सारांश...

- मुलुकभर गएको २४ घण्टामा विपद्का **१७** वटा घट्नाहरु भएका छन् ।
- **महोत्तरीको** बलवा नगरपालिका वडा नं.७ बनौटामा सर्पले **डस्दा एकजना** घाईते भई उपचारको लागि प्रादेशिक अस्ताल जनकपुरमा लगिएकोमा उपचारको क्रममा **मृत्यु** भएको छ ।
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं.१ पोखरा बसपार्क नजिकै नारायणी नदीमा दाउरा टिप्न जाने क्रममा **एक व्यक्तिलाई** बाढीले बगाई बेपत्ता बनाएको छ ।
- **प्युठानको** स्वर्गद्वारी नगरपालिका वडा नं.३, भाङ्ग्रीबाङमा रहेको घोरखोला तर्ने क्रममा बाढीले बगाई एकव्यक्ति बेपत्ता भएको छ । यसैगरी मल्लरानी गाउँपालिका वडा नं.४ धरमपानीमा रहेको एक कच्ची घरमा **अबिरल बर्षाका कारण** एकतर्फको गाह्रो भत्किई बस्न नमिल्ने गरि क्षति भएको छ ।
- **संखुवासभाको** सिलिचोङ गाउॅंपालिका वडा नं ५ स्थित **ईङ्खेभिरमा पहिरो** गई बाटो निर्माण गर्दै गरेको **स्काईभेटर** पुरेको छ । ताम्कुबाट याफु जोड्ने सडकको ट्र्याक खन्दैगरेको स्काईभेटरमा माथिबाट ढुंगा झरि स्काईभेटर किचि क्षति भएको र उक्त स्काईभेटरको चालक घाईते भएको छ ।
- **भोजपुरको** साल्पासिलिछो गाउँपालिका वडा नं.१ खाल्डेमा **चट्याङ** पर्दा गोठमा रहेको एउटा गाई मरेको छ । जसबाट रु. ४० हजार वरावरको क्षति भएको छ ।
- **काठमाण्डौको** बुढानिलकण्ठ नगरपालिका वडा नं. ११ कपन लसुनटारमा एउटा टहरोमा ग्याँस सिलिण्डर लिक भई **आगलागी** हुँदा टहराभित्र रहेको फर्निचरका सामानहरु जलि **रु.१ लाख १० हजार** बराबरको क्षति भएको छ ।
- **दैलख**को नौमुले गाउँपालिका वडा नं.१ भुर्सामा **अविरल वर्षाको कारण पहिरो**ले एक गोठ भत्किदा ३ वटा बाखा र १ वटा बोकाको मरेको छ ।

## घट्ना सारांश...

- **रुकुम पश्चिमको** मुसिकोट नगरपालिका वडा नं. ७ फेचाङको एउटा घरमा माथिबाट **पहिरो** आई घर पुर्णरुपमा क्षति भएको छ ।
- **मोरङ**को रतुवामाई नगरपालिका वडा नं.३ महादेवा टोलस्थित एक गाई गोठमा बालेको घुरबाट आगो सल्किन गई एक घरमा **आगलागी** भएको छ । आगलागबाट **३ लाख रुपैंया** बराबरको क्षती भएको छ ।
- **रौतहटको** कटहरिया नगरपालिका वडा नं.७ बगहिस्थित एक कच्चि घरमा बिजुलिको तार सर्ट भई **आगलागी** हुँदा **२ लाख ५६ हजार ५०० रुपैंया** बराबरको क्षति भएको छ ।
- **बर्दियाको** राजापुर नगरपालिका वडा नं.७ स्थित बाजुराटोलमा मुर्कुट्टा नालाको पानी पस्दा **१३ वटा घर डुबानमा परेको छ ।** प्रभावित ८२ जना परिवार छिमेकीको घरमा आश्रय लिएर बसेका छन् ।
- **सुर्खेतको** सिम्ता गाउँपालिका वडा नं ६ गजौडास्थित एक घर अबिरल वर्षाका कारण **भत्किन** जाँदा ३ वटा बाख्रा पुरिनुका साथै **२ लाख ५५ हजार रुपैंया** बराबरको क्षति भएको छ ।
- **कञ्चनपुरको** भिमदत्त नगरपालिका वडा नं.९ ब्रहमदेव जैविक मार्गमा अबिरल बर्षाको कारण एउटा कच्चि गोठ **भत्किन** गई एउटा बाख्रा मरेको छ ।

## सडक अवरोध

- **प्युठान**को सरूमारानी गाउँपालिका वडा नं.४ खहरेखोलास्थित **भालुबाङ–प्युठान सडक खण्डमा** अबिरल बर्षाका कारण माथिबाट पहिरो आई **बाटो पूर्णरुपमा अबरूद्ध** भएको छ ।
- **पाल्पाको** तानसेन नगरपालिका वडा नं.११ सम्मोबारीस्थित **तानसेन-रिडी पक्की सडक खण्ड**मा माथिबाट **पहिरो** झरी **बाटो पुर्णरुपमा अबरुद्ध** भएको छ ।
- **मुस्ताङको** थासाङ्ग गाउँपालिका वडा नं ४ चेतनडाँडाँस्थित **बेनी जोमसोम सडक खण्डमा** माथीबाट **पहिरो** आई **सडक अवरुद्ध** भएको छ ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीले सर्पदंश, पहिरो र आगलागीका घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रमा पुर्याउनुका साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो स्थानीयको सहयोगमा खोल्ने प्रयास भइरहेको छ ।

**वर्षाको सारांशः**

२०७७ साल असार २३ गते बिहान ०८:४५ बजे देखि असार २४ गते ०८:४५ बजे सम्म

आज असार २३ गते बिहान ०८:४५ बजे १२५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४७ र स्वचालितः ७८) मा मापन गरिएको वर्षाको विवरण अनुसार ९९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१५२ मि. मी.) कंचनपुर जिल्लाको महेन्द्रनगर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/) मा हेर्नुहोस।**

**आगामी असार २५ गते देखि देशैभरका नदीको बहाव बढ्ने र असार २६ -२९ गते सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसका सहायक नदी लगायत प्रदेश १ र २ को चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहावले सतर्कता तह पार गरी केहीमा खतरा आसपास पुग्ने संभावना रहेकाले संभावित उच्च जोखिम सामना गर्न पूर्वतयारीलाई प्राथमिकता दिन अनुरोध छ ।**

**स्रोतः जल तथा मौसम विज्ञान विभाग**

# बाढी पूर्वानुमान

<u>असार २४ (बुधबार)</u>

- भोलि कोसी,नारायणी, कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव सामान्य बढ्दो क्रममा हुने तर सतर्कता तह भन्दा तलै हुने।
- भोलि कन्काई, कमला, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव बढ्दो हुने, मा हल्का बढ्ने तर सतर्कता तलै हुने । कन्काई, तिनाउ,पश्चिम राप्ती, बबई, मोहना, कान्द्रा लगायत नदीका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने ।
- भोलि प्रदेश १, २, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशको तराई चुरेको भु-भाग भई बहने प्राय सबै स-साना नदीहरूमा बहाव बढ्ने तथा प्रदेश १ र सुदुरपश्चिम प्रदेशको भई बहने केहि स-साना नदीमा आकस्मिक बहाब हुन सक्ने ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/